# माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घर्तिगाउँ, रोल्पा
## ५ नं.प्रदेश,नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०७५।०४।०६**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार यस गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने निम्न आय शिर्षकहरुमा आ.व.२०७५/०७६ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, व्यक्ति वा संस्थाले निम्न शर्तहरुका अधिनमा रही तपसिल बमोजिमको मिति र समयभित्र शिलबन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११, उपदफा २ को खण्ड घ (६) बमोजिम माडी गाउँपालिकाभित्रको तपसिलका खोला, नदी नाला बाट उत्पादन भई निकासी हुने ढुंगा, गिट्टी, बालुवामा उठाईने कर सम्बन्धि व्यवस्था भएकाले तपसिलको वार्षिक ठेक्का अंकको आधारमा दरभाउपत्र आह्वान गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको किसिम | जम्मा ठेक्का अंक रु. | पछि फिर्ता नहुने गरी दरभाउपत्रफाराम खरिद गर्ने दस्तुर |
|---|---|---|---|
| १/०७५/०७६ | पूर्व रोल्पा नगरपालिका सिमाना रहेको जङ्खोला,लिजा खोला,पश्चिम गँगादेव गाउँपालिका सिमाना उत्तिबाङ् खोला तथा पश्चिम-उत्तर परिवर्तन गाउँपालिका सिमाना सिस्ने खोला । | १,००,०००।- | १०००।-( एक हजार) |

**शर्तहरु :**

१. दरभाउपत्र फाराम यस कार्यालयबाट माथि उल्लेख भएबमोजिम पछि फिर्ता नहुने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र खरीद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र नेपाली नागरिक भए आफुले कबोल गरेको कुल ठेक्का अंकको २.५% धरौटी रकम ने.बैं.लि., रोल्पामा रहेको यस कार्यालयको धरौटी खाता नं. ०७६०३००००००००३००००७ मा दाखिला गरेको सक्कलै बैंक भौचर संलग्न गरी गाउँपालिका कार्यालय,घर्तिगाउँ रोल्पामा दरभाउपत्र पेश गर्न सकिने छ ।

३. यसरी पर्न आएका दरभाउपत्रहरु १६ औं दिन दिनको २.०० बजे यस गाउँपालिकाको कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । सो समयमा दरभाउपत्रदाता वा निजको

प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरीद, दर्ता र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा क्रमश: सम्बन्धित कार्यहरु सोको भोलिपल्ट गरिने छ ।

४. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७६ साल आषाढ मसान्तसम्म हुनेछ ।

५. ठेक्का अंक गणना गर्दा सम्झौता भएको दिनदेखि आषाढ मसान्तसम्म चालु आ.व.को ठेक्का अंक कायम गरिने छ ।

६. दरभाउपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्र स्वीकृत भएपछि सूचना टाँस भएको मिति ७ (सात) दिनभित्र नियमानुसार आयकर/मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनुपर्नेछ । सो अवधिभित्र सम्झौता गरी पट्टा नउठाएमा नियमानुसार हुनेछ ।

८. ठेकेदारले आफुले कबोल गरेको कुल रकम २ (दुई) किस्तामा बुझाउनुपर्नेछ । पहिलो किस्तावापतको ५०% रकम सम्झौता हुने मितिमा र बाँकी दोस्रो किस्ता २०७५ चैत्र मसान्तभित्र बुझाउनुपर्ने छ ।

९. वातावरण संरक्षण नियमावली २०५४ को अनूसुचि १ को खण्ड १४ (अ) अनुसार प्रत्येक खोलाबाट दैनिक १०० घन मिटर भन्दा कम मात्र ढुंगा, गिट्टी, वालुवा उत्खनन गर्नु पर्ने छ ।

१०. नेपाल सरकारबाट ढाँट तगारो राख्न नपाइने गरी तोकिएको सडकमा ढाँट तगारो राखी कर संकलन गर्न पाइने छैन ।

११. प्रत्येक कर संकलन चौकीमा कर लगाइने वस्तुको नाम र करका दरहरु उल्लेखित होर्डिङ बोर्ड राख्नुपर्नेछ ।

१२. ठेक्कावापत नेपाल सरकार वा अन्य निकायलाई तिर्नु बुझाउनुपर्ने दस्तुर निर्माण व्यवसायीले नै बुझाउनुपर्नेछ ।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिकरुपमा स्वीकृत गर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार नियमानुसार यस नगरपालिकामा सुरक्षित रहने छ । दरभाउपत्रपेश गर्दा दरभाउपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन । शर्त सहितको दरभाउपत्रलाई स्वतः बदर मानिनेछ । साथै रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१४. सम्बन्धित निकायले अनुगमन गरी प्रतिवेदन दिनु पर्ने छ ।

१५. पुलको मुनी दायाँ बायाँ १ कि.मि. सम्म संकलन गर्न पाइने छैन ।

१६. यस सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ र स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम हुनेछन ।

**प्रमुख प्रशासकीय अधिकृत**